# सेवा प्रवाह सम्बन्धमा सहजीकरण, समन्वय र सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

## २०८२/०८३

आयोजक

जिल्ला प्रशासन कार्यालय, डोटी

आयोजना मितिः २०८२ मंसिर ८ र पौष १९गते

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

## १. पृष्ठभुमी

सार्वजनिक सुनुवाई सामाजिक उत्तरदायित्व सुदृढ गर्ने एउटा महत्वपुर्ण औजार हो। राज्यद्धारा प्रदान गरिने सुविधाहरु सेवाग्राही माझ न्यायिक रुपमा पुगेको छ वा छैन सोको लेखाजोखा गर्ने काम सार्वजनिक सुनुवाईले गर्दछ। सार्वजनिक सुनुवाइ एउटा त्यस्तो सामाजिक मञ्च हो जहाँ स्थानीय सेवा प्राप्त गर्ने नागरिकहरु र सेवा प्रदान गर्ने अधिकारीहरु बीच प्रत्यक्ष रुपमा सार्वजनिक हितका विषयहरुमा प्रश्नहरु र त्यसको जवाफ आदान प्रदान गरिन्छ। सार्वजनिक सुनुवाई मार्फत नागरिकले आफ्ना समस्या तथा गुनासाहरु जिम्मेवार जनप्रतिनिधि तथा प्रशासकहरु समक्ष प्रत्यक्ष राख्न सक्दछन् र सेवा सुविधाहरुका लागि सुझावहरु दिन सक्छन्। यस प्रक्रियाले पछाडि पारिएका र राज्यका सेवा बाट बञ्चित पारिएका समुदायहरुको संलग्नता र पहुचँ बढाउन महत्वपूर्ण योगदान पुग्दछ। सार्वजनिक सुनुवाईको प्रक्रियाले जनप्रतिनिधि तथा सरोकारवालाहरुलाई आफ्नो काम प्रति नागरिकका धारणा बुझ्न र पृष्ठपोषण लिन अवसर समेत प्रदान गर्दछ। सार्वजनिक सुनुवाईको माध्यमबाट अधिकार प्राप्त व्यक्तिहरुलाई जवाफदेही बनाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन मद्दत पुग्दछ। जस अनुरुप डोटी जिल्ला प्रशासन कार्यलयले जिल्ला स्थित सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरुलाई जवाफदेही बनाउन २०८२/०८/०८ गते सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको थियो। जिल्लास्थित सबै सरकारी कार्यालय प्रमुख, संघ/संस्ता नागरिक समाज पत्रकार र सेवाग्राहीको समउपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम गरियो ।भौगोलिक विकटताका कारण स्थानीय नागरिकहरुको उपस्थिति न्यून भएता पनि उनीहरुका प्रश्न तथा गुनासाहरु पत्रकार महानुभावहरुले राखु भएको थियो। जसका माध्यमबाट स्थानीय जन्ताहरुले आफ्ना गुनासाहरु राख्ने अवसर पाए भने जवाफदेही निकायहरुले कमीकमजोरी सच्याउदै नागरिकहरुलाई प्रष्ट पार्ने मौका पाए।

## २. सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्यः

- ❖ जिल्लास्थित जनताहरलाई जिल्लामा रहेका सरकारी कार्यालयहरुले प्रवाह गरेका सेवामा स्थानीय जनताको पहुचको अवस्थाका बारेमा जानकारी लिने।
- ❖ सार्वजनिक सेवा प्रवाहका क्रममा देखिएका कमीकमजोरी उठान गरी निराकरण गर्ने।
- ❖ सरकारी कार्यालयले प्रवाह गर्ने सबै सेवा सुविधाहरुमा स्थानीय नागरिकको धारणा, समस्या र गुनासोहरु बुझी आगामी दिनमा सेवा प्रवाह लाई सरल एंव सहज गरी नागरिक र सरकारको सम्बन्ध प्रगाढ एंव सकारात्मक बनाई सेवा प्रदायक निकायलाई जवाफदेही बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

## ३. सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनको विधि र चरणहरुः

सुनुवाई कार्यक्रमको तयारी, सञ्चालन र प्रतिवेदन चरणलाई निम्नानुसार गरिएको थियो।

| चरणहरु | विधिहरु |
|---|---|
| तयारी चरण | ➢ सार्वजनिक सुनुवाईका लागि बजेट व्यवस्थापन<br>➢ कार्यक्रम सञ्चालन गर्ने सहजकर्ताको पहिचान र छनोट गरियो।<br>➢ सबै कार्यालयहरुसँग समन्वय गर्ने र तयारी गर्ने टिम बनाईयो।<br>➢ सार्वजनिक सुनुवाईको मिति, समय र स्थानको टुङ्गो लगाइयो।<br>➢ जिल्लास्थित सरोकारवाला सबै निकाय तथा कार्यालयहरुलाई सार्वजनिक सुनुवाईको मिति, समय र स्थानको समेत उल्लेख गरी सहभागिताका लागि आह्वान गरियो।<br>➢ सार्वजनिक सुनुवाईका लागि आवश्यक लजिष्टिकको व्यवस्थापन सुनिश्चित गरियो। |
| कार्यक्रम सञ्चालन | ➢ पूर्व निर्धारित मिति, समय र स्थान अनुसार नै दिउसो १२:०० बजे देखि कार्यक्रम शुरु गरियो ।<br>➢ प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले अध्यक्षता ग्रहण गरी कार्यक्रम शुरु भएको घोषणा गर्नुभयो।<br>➢ सार्वजनिक सुनुवाई आचारसहिंता सुनाई सहभागीहरुबाट अनुमोदन गराइयो।<br>➢ सबै सरकारी कार्यालय प्रमुखहरुले आफूसँग सम्बन्धित सार्वजनिक सेवा प्रवाह बारे संक्षिप्त जानकारी दिनु भयो। सहभागीहरुका लागि आफ्ना जिज्ञासा, प्रश्न, असन्तुष्टीहरु, सल्लाह, सुझावका लागि फ्लोर ओपन गरियो।<br>➢ सहभागीहरुका प्रश्नहरुमा जिम्मेवार पदाधिकारीहरुबाट स्पष्ट पार्न लगाइयो।<br>➢ जिम्मेवार पदाधिकारीबाट स्पष्टतापछि थप जिज्ञासाका लागि सहभागीहरुमा आह्वान गरियो।<br>➢ सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने काम समेत गराइयो।<br>➢ कार्यक्रममा उपस्थित अधिकारिकर्मी, संघ/संस्थाका प्रतिनिधी, नागरिक समाज तथा राजनितिक दलका प्रतिनिभि हरुबाट सुझाव सहितको प्रतिवद्धता मन्तव्य सहित समापन मन्तव्य, धन्यावाद ज्ञापन कार्यक्रमका सभाध्यक्ष प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले गर्नु भयो। |
| प्रतिवेदन | ➢ सहजकर्ताको सहयोगमा सार्वजनिक सुनुवाई पछि प्रचलित प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गरियो।<br>➢ सार्वजनिक सुनुवाईको व्यवस्थापकीय पक्ष र सिकाईको समिक्षा गरियो। |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| | |
|---|---|
| | ➢ प्रतिवेदन दस्तावेजिकरण गरी अभिलेख राख्ने काम समेत गरियो। साथै प्रतिवेदन जिम्मेवार निकायमा पठाउने काम समेत गरियो।<br>➢ सार्वजनिक सुनुवाईमा सेवा प्रदायक निकायबाट गरिएका प्रतिबद्धताहरु कार्यान्वयन भए नभएको निरन्तर अनुगमन गर्ने सहमति भयो। |

## ४. कार्यक्रम सञ्चालनः

सार्वजनिक सुनुवाई सहजीकरण गर्ने व्यक्तिको नाम : राम नाथ

ठेगाना : दिपायल सिलगढी नगरपालिका, सिलगढी, डोटी

काम गर्ने निकाय : प्र.ना.नि., जिल्ला प्रहरी कार्यालय, डोटी

कार्यक्रम आयोजना स्थलः आदर्श गाउँपालिकाको सभाहल, डोटी

कार्यक्रम गरिएको मिति र समयः २०८२ मंसिर ८ गते दिउँसो १२:०० बजे आदर्श गाउँपालिकामा र मिति २०८२ पुष १९ गते सायल गाउँपालिमा दिउसो १बजेदेखि।

## ५. सुनुवाई गरिएका विषयबस्तुहरुः

- ❖ जिल्लास्थित सरकारी कार्यालयहरुको उद्देश्य र उद्देश्य प्राप्तिको अवस्था,
- ❖ जिल्लास्थित सरकारी कार्यालयहरुले आ.व.मा सञ्चालन गरेका विकास निर्माणका काम,
- ❖ जिल्ला स्थित सरकारी कार्यालयहरुले सञ्चालन गरेका सेवाहरु,
- ❖ सरकारी कार्यालयले प्रवाह गरेका सेवाका गुणस्तर,
- ❖ जिल्लास्थित सरकारी कार्यालयहरुको विनियोजित बजेट र खर्चको अवस्था,
- ❖ सरकारी कार्यालयहरुले बजेट खर्च गर्न नसक्नुको कारण र सेवा प्रवाहमा देखिएका चुनौति,

## ६. उपलब्धि

- सबै सार्वजनिक सेवा प्रदायक निकायहरुलाई बोलाएर एकै पटक गरिएको यो सार्वजनिक सुनुवाई जिल्लामा पहिलो अभ्यासका रुपमा स्थापित भयो।
- जिल्लास्थित अधिकांश कार्यालय प्रमुखहरुले जनतासँग प्रत्यक्ष बहस गर्ने अवसर पाए।
- सेवाग्राहीहरुले पनि सेवाप्रदायक निकायसँग प्रत्यक्ष गुनासो एंव जिज्ञासा राखि त्यसको समाधानको बारेमा समेत जानकारी पाए।
- कार्यालय प्रमुखहरुले आफूले गरेका कामका बारेमा पनि सेवाग्राहीलाई जानकारी गराउने अवसर पाए।
- प्रत्यक्ष सवाल जवाफले मनभित्र गुम्सिएका कुराहरु छर्लङ्ग भएपछि नागरिक र सरकारी कार्यालयबिचको सम्बन्ध नजिक भएको मान्न सकिन्छ।



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

# सेवा प्रवाहमा सहजीकरण र समन्वय

## अनुसूची- १(गुनासाहरु र तिनको समाधान)

जिल्ला स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रममा स्थानीय जनता तथा सरोकारवाला निकायले र राखेका राय, जिज्ञासा एंव गुनासाहरु र सरोकारवाला निकायबाट दिइएका केही जवाफ प्रतिनिधि रुपमा प्रस्तुत छ।

| क्र.सं. | प्रश्नकर्ताको नामथर र ठेगाना | सहभागीको प्रश्न | जवाफ दिने पदाधिकारीको नाम र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | प्रकाश बम, नेपाल पत्रकार महासंघ, डोटी | ➢ नागरिकता सम्बन्धी विविध गुनासो<br>➢ बर्षमा १ पटक सबै कार्यालयले सार्वजनिक सुनुवाई राख्नुपर्ने ।<br>➢ सडकमा निर्माण सामाग्रीहरु जताजतै राखेर सडक अवरोध गर्ने गरिएको।<br>➢ कार्यालयको अनुगमनबाट प्राप्त निर्देशनको कार्यान्वयन नभएको।<br>➢ प्रहरीसँग सम्बन्धी विभिन्न गुनासाहरु | ▪ कल्पना घिमिरे नेपाल प्रमुख जिल्ला अधिकारी,जिल्ला प्रशासन कार्यालय, डोटी<br>▪ महेन्द्र नेपाल प्रहरी उपरिक्षक जिल्ला प्रहरी कार्यालय, सिलगढी,डोटी। | ❖ नागरिकता नपाएको, प्रक्रिया नमिले लगायतका गुनासाका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीबाट समस्याको समाधान गरिएको।<br>❖ सार्वजनिक सुनुवाईको सम्बन्धमा सम्पूर्ण सरकारी कार्यालयहरुलाई बर्षमा एकपटक अनिवार्य रुपमा गर्न जानकारी गराउने प्रतिवद्धता गर्नुभएको।<br>❖ सडकमा विभिन्न निर्माण सामाग्रीहरु राखि अवरोध गरेको सम्बन्धमा सम्बन्धित निकायलाई त्यसको अनुगमन गरी आवश्यक कारवाही गर्न निर्देशन दिनुभएको।<br>❖ कार्यालयको अनुगमनको सम्बन्धमा प्र.जि.अ. ज्यूले सबै सरकारी कार्यालयका प्रमुखहरुलाई अनुगमन /निरिक्षणको क्रममा देखिएको कमीकमजोरी सुधार्न र दिएको निर्देशन परिपालना गर्न निर्देशन दिनुभएको।<br>❖ प्रहरीबाट सूचना प्रवाह र मुद्दा दर्ताको सम्बन्धमा ढिलासुस्ती भएको भनी प्राप्त गुनासोमा प्रहरी उपरिक्षक महेन्द्र नेपालले ढिलासुस्ती नभएको र सकेसम्म वस्तुनिष्ठ सूचना दिन प्रयत्नरत रहेको जानकारी गराउनु भएको । |
| २. | तेज बहादुर साउद, वडा अध्यक्ष डोटी | ➢ नागरिक सिफारिस, राष्ट्रिय परिचयपत्र लगायतका विविध गुनासाहरु।<br>➢ खानेपानीको समस्या रहेको। | ➢ कल्पना घिमिरे नेपाल प्रमुख जिल्ला अधिकारी,जिल्ला प्रशासन कार्यालय, डोटी | ❖ उल्लेखित समस्याका सम्बन्धमा प्र.जि.अ. ज्यूले सम्बन्धित व्यक्तिलाई आवश्यक प्रक्रियाको बारेमा जानकारी गराउनु भएको।<br>❖ खानेपानीको समस्याको सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्ने जानकारी गराउनुभएको। |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| | | | | |
|---|---|---|---|---|
| | | | | |

# अनुसूची २(कार्यक्रमका आचारसंहिता)

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नु पूर्व अनुमोदन गरिएका आचारसंहिताः

- ✓ सहभागीले बोल्नेका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
- ✓ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो पहिला स्पष्ट पार्नुपर्नेछ।
- ✓ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।
- ✓ सेवाग्राही सहभागी नागारिकहरु धेरैलाई पश्न गर्न समय दिनुपर्ने भएकोले बुदाँगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ।
- ✓ आफूभन्दा पहिले बोल्ने सहभागीले बोलेका कुरा दोहोऱ्याउने वा लाञ्छना लगाएर बोल्ने पाईने छैन।
- ✓ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ।
- ✓ सहभागीले विना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन।
- ✓ सुनुवाईलाई विथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिल र शालिनतापूर्वक समाधान खोज्न पहल गर्नु सबैको कर्तव्य हुनेछ।
- ✓ सुनुवाईका वक्ता तथा सहभागिलाई उत्तेजित पार्ने वा बदालाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन।
- ✓ सुनुवाईलाई विषयान्तर हुनबाट सबै सहभागी सचेत हुनुपर्नेछ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

## जिल्ला प्रशासन कार्यालयबाट सेवा प्रवाहको सम्बन्धमा भएको सहजीकरण, समन्वयको अवस्था लगायत यस आ.व.को पहिलो त्रैमासिकसम्म भएको समग्र प्रगति प्रतिवेदनः

सार्वजनिक सुनुवाई कार्यक्रममा जिल्ला प्रशासन कार्यालयबाट आ.व. २०८२/०८३ मा जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण, लैगिक हिंसा, लागू औषध नियन्त्रण, सेवा प्रवाह र सुशासन, उपभोक्ता हक हित संरक्षण, बिकास निर्माणमा सहजीकरण र बिपद् ब्यबस्थापनका साथै जिल्लाको समग्र सार्बजनिक ब्यबस्थापनको सन्दर्भमा जिल्लाका सबै सरकारी कार्यालयहरुबाट हुने सेवा प्रबाह, संचालित बिकास आयोजनाहरुबाट प्रास गुनासो र सोको सम्बोधन सम्बन्धमा सार्वजनिक सुनुवाई गरी आवश्यक राय/प्रतिक्रिया, गुनासाहरु लिइयो र त्यस सार्वजनिक सुनुवाई कार्यक्रमा जिल्ला प्रशासनले यो आ.व.मा के के कार्य गऱ्यो सो सम्बन्धमा जिल्ला प्रशासन कार्यलयबाट प्रदान गरिने सेवा प्रवाह लगायत समग्र कार्यको बार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरियो। प्रतिवेदनमा देहायका कुराहरु समावेश गरिएको थियो।

### जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरुः

- शान्ति सुरक्षा, ठाडो उजुरी तथा गुनासो सम्बन्धी,
- नागरिकता तथा राष्ट्रिय परिचय पत्र,
- राहदानी सम्बन्धी,
- बजार अनुगमन सम्बन्धी,
- संघ/संस्था तथा पत्र पत्रिका र छापाखाना सम्बन्धी,
- दलित, आदिवासी/जनजाति लगायत अन्य सिफारिस सम्बन्धी,
- सार्वजनिक सेवा प्रवाहमा समन्वय रेखदेख र नियन्त्रण सम्बन्धी,
- विपद व्यवस्थापन सम्बन्धी,
- प्रचलित नेपाल कानून र नेपालसरकारद्वारा तोकिएका अन्य कार्यहरू ।

### सेवा प्रवाह तथा सुशासन सम्बन्धमा आ.व. २०८२/८३ कफ पहिलो त्रैमासिकमा जिल्ला प्रशासनबाट प्रदान गरिएका सेवाहरुः

- ❖ नागरिकता
  - ☞ नयाँ : १२७५
  - ☞ प्रतिलिपि : १६७२
  - ☞ परित्याग/रद्द/बदरः ०

प्रमुख जिल्ला अधिकारी

- वैवाहिक अङ्गीकृत : ०
- गुनासो तथा ठाडो उजुरी :२
- नाम, थर, उमेर प्रमाणित : १५५
- राहदानी :
  - E-Passport Box management : ३
  - Live Enrollment : ३६३
  - वितरण : २१८
- राष्ट्रिय परिचयपत्र :
  - Enrollment : ५४२६
  - वितरण : ६६९
- नाबालक परिचय पत्र : ११
- मुद्दा
  - दर्ता: २
  - फछ्यौंट: २
  - सवारी क्षतिपूर्ति :०
  - हातहतियार
    - नवीकरण: ३
  - संघसंस्था
    - दर्ता : ३
    - नवीकरण :२३
    - विधान संसोधन:०
  - बजार अनुगमन :
    - संख्या : ६ कारवाही : ०
  - सरकारी कार्यालय अनुगमन: २
  - संघसंस्था अनुगमन: ६

## शान्ति सुरक्षा तथा अपराध नियन्त्रण सम्बन्धमाः

- जिल्ला प्रशासन कार्यालय, डोटीले जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्थापन र जिल्ला भ्रमणमा आउनुहुने अति उच्च पदस्थ पदाधिकारीहरूको आगमनलाई समेत मध्येनजर गर्दै जिल्ला सुरक्षा समितिको नियमित तथा आकस्मिक बैठक राख्दै आएको छ।
- जिल्ला भित्र शान्ति सुरक्षा र व्यवस्थालाई प्रभावकारी बनाउने, संवेदनशील अवस्थामा एकीकृत सुरक्षा संयन्त्र परिचालन गरी स्थितिलाई सामान्य बनाउने तथा एकीकृत सुरक्षा संयन्त्र परिचालनमा आपसी समन्वय र सहकार्यका लागि प्रक्रियागत सरलीकरण गर्ने उद्देश्यले जिल्ला सुरक्षा समितिको बैठकबाट जिल्लाको Crime Map सहितको एकिकृत रणनीतिक सुरक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ।
- पूर्बिचौकी गा.पा वडा नं.७ पोखरीमा अस्थायी प्रहरी चौकी स्थापना गरिएको।
- बुडरमा सशस्त्र प्रहरी बलको अस्थायी बेस स्थापना।
- यो सँगसँगै विभिन्न समयमा जिल्लाभित्रका प्रहरी चौकी, इलाका प्रहरी कार्यालय तथा जिल्ला प्रहरी कार्यालय समेतको अनुगमन तथा निरीक्षण नियमित रुपमा भइरहेको छ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

**आपराधिक गतिविधिहरुको विगत ५ वर्षको छुट्टाछुट्टै Trend Analysis (हत्या महिला हिंसा जबरजस्तीकरणी मानव बेचविखन लागुऔषध दुर्व्यसन सडक दुर्घटना लगायतका विभिन्न सामाजिक अपराध)**

**पछिल्लो ५ वर्षभा भएका अपराधिक गतिबिधिहरुः**

| सि.न. | शिर्षक | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | विश्लेषण |
|---|---|---|---|---|---|---|---|
| १ | झुण्डिएर आत्महत्या | १९ | १३ | २८ | २४ | ८ | ९२ |
| २ | अभद्र व्यवहार | २४ | १३ | १७ | ११ | २ | ६७ |
| ३ | भवितब्य ज्यान | १३ | १८ | १६ | १७ | १ | ६५ |
| ४ | ज.ज.क. | २० | ८ | ८ | ९ | ४ | ४९ |
| ५ | फुटकर ज्यान | १२ | ३ | ६ | ८ | ३ | ३२ |
| ६ | सवारी ज्यान | १० | ५ | ८ | ५ | ३ | ३१ |
| ७ | कर्तब्य ज्यान | ६ | ४ | ३ | ९ | ० | २२ |
| ८ | चोरी | ४ | ५ | ४ | १ | १ | १५ |
| ९ | लागु औषध | १ | ४ | ४ | २ | ३ | १४ |
| १० | बिष खाएर आत्महत्या | ५ | २ | ० | ५ | १ | १३ |
| ११ | ज.ज.क.उ. | २ | ४ | ३ | ४ | ० | १३ |
| १२ | बहु बिवाह | २ | १ | ४ | १ | २ | १० |
| १३ | सवारी भवितब्य ज्यान | ३ | ३ | १ | २ | ० | ९ |
| १४ | जुवा | ४ | ३ | २ | ० | ० | ९ |
| १५ | ज्यान मार्ने उद्योग | ३ | ० | ० | ३ | १ | ७ |
| १६ | आत्म हत्या दुरुत्साहन | २ | २ | १ | १ | १ | ७ |
| १७ | हात हतियार | २ | २ | ० | ३ | ० | ७ |
| १८ | किर्ते | ६ | ० | ० | ० | १ | ७ |
| १९ | ठगी | ० | ० | २ | ४ | ० | ६ |
| २० | बालयौन दुरुपयोग | १ | १ | ० | १ | १ | ४ |
| २१ | बैङ्किङ कसुर | ० | ० | १ | ३ | ० | ४ |
| २२ | सम्पतिको अपराधिक उपयोग गर्न नहुने | ० | ० | २ | ० | ० | २ |
| २३ | अपराधिक उपद्रव | १ | ० | ० | १ | ० | १ |
| २४ | ईलाज सम्बन्धि कसुर | ० | ० | १ | ० | ० | १ |
| २५ | घाँटी रेटी आत्महत्या | ० | ० | ० | १ | ० | १ |



प्रमुख जिल्ला अधिकारी

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | कुटपिट अंगभंग | ० | ० | १ | ० | ० | १ |
| २७ | बालबिबाह | ० | ० | १ | ० | ० | १ |
| २८ | पशुपंक्षी सम्बन्धी कसुर | ० | ० | ० | १ | ० | १ |
| २९ | हाम फालेर आत्महत्या | १ | ० | ० | ० | ० | ० |
| ३० | दोहोरो नागरिकता | २ | ० | ० | ० | ० | ० |
| | जम्मा | १३९ | ९१ | ११३ | ११६ | ३२ | ४९१ |

## घरेलु हिंसा तथा लैंगिक हिंसा नियन्त्रण सम्बन्धमा:

- बालविवाह तथा बहु विवाह सम्बन्धमा सचेतना कार्यक्रम सञ्चालन,
- महिला हिंसा नियन्त्रण गर्न कार्ययोजना बनाई लागू गरिएको,
- लैंगिक हिंसा नियन्त्रण सम्बन्धमा जिल्लादेखि वडास्तरीय सञ्जाल गठन गरिएको,
- विद्यालय सम्पर्क कार्यक्रम मार्फत सचेतना बढाइएको,
- सामुदायिक सम्पर्क कार्यक्रम मार्फत घरदैलो र अन्तर्क्रिया कार्यक्रमहरु गर्ने गरिएको।

## गम्भिर फौजदारी अपराधमा शुन्य सहनशीलतामा जोड:

- मानव वेचविखन,जबरजस्ती करणी जस्ता गम्भिर अपराधको अनुसन्धानमा गम्भिरतापूर्वक अनुसन्धान,
- विद्यालय तथा समुदायमा सचेतना प्रशिक्षण नियमित सञ्चालन,
- शिक्षक तथा शिक्षिकाहरुमा समेत सचेतना प्रशिक्षण भइरहेको,
- मेला, पर्व, खेलकुद आदिमा युवाहरुको छिटफुट झडप तथा आवेश प्रेरित घटना हुने गरेको,
- गुण्डागर्दी नियन्त्रणमा रहेको।

## गृह मन्त्रालयबाट समय समयमा गरिएका निर्देशनको कार्यान्वयनको स्थिति:

- Daily Reporting System लाई नियमित गरिएको छ। जिल्लामा घटेका दैनिक घट्नाहरुलाई दैनिक रुपमा System र Apps मार्फत Reporting गर्ने गरिएको,
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाकर्मी परिचालनलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय जनता र जनप्रतिनिधिहरुसँग समन्वय गरी अपराध नियन्त्रण गर्ने कार्यमा सहकार्य गर्ने तथा सुशासन कायम गर्ने गरेको,
- महत्वपूर्ण विषय भएमा श्रीमान सचिवज्यूसँग र मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख ज्यूलाई समेत मौखिक रुपमा जानकारी गराउने गरिएको साथै प्रदेश तथा स्थानीय तह र अन्तर जिल्ला समन्वय मार्फत कार्यसम्पादन गर्ने गरिएको,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

- सामाजिक अपराधका घटनालाहरुलाई न्यूनीकरण गर्न नियमित रुपमा जिल्ला सुरक्षा समितिको बैठक बसी सुक्ष्म अध्ययन गर्दै भयरहित समाजको निर्माण गर्न ठोस कदम चाल्ने तथा ने.क.पा. (विप्लव समूह) को गतिविधिलाई गम्भीरतापूर्वक विश्लेषण गरी आवश्यक कानूनी अवलम्बन गर्दै मन्त्रालयमा रिपोर्ट गर्ने गरेको,
- गृह प्रशासन सुधार कार्ययोजना २०७८ र पटक-पटक भएका मन्त्रालयका निर्देशनहरुको नियमित कार्यान्वयन गरी सोको विवरण र गोप्य प्रतिवेदनहरु तोकिएको समय सिमाभित्र पठाउने गरिएको,
- उच्च अदालत तथा जिल्ला अदालतहरुबाट निरीक्षणका क्रममा दिइएका निर्देशनहरु पालना गरिएको, प्र.जि.अ. ले हेर्ने मुद्दाहरु प्रचलित कानूनले तोकेको म्यादभित्र फैसला गर्ने गरेको र फैसलाहरु अविलम्ब कार्यान्वयन गर्ने गरेको,
- कार्य सम्पादन मूल्याङ्कन फाराम तोकिएको रङ्ग र तोकिएको समयभित्र गर्ने गरेको साथै नामथर दस्तखत तथा संकेत नं. स्पष्ट लेख्ने गरेको, सबै कर्मचारीहरुको कार्यालय सहयोगीहरु समेतलाई सम्पत्ति विवरण भर्न लगाउने गरेको।
- पुरानो नागरिकताको विवरण कम्प्युटर सबै प्रविष्टि गरी सकेको,
- सुशासन कायम गर्न सेवाग्राही मैत्री बनाउने, सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाई नागरिकलाई परिवर्तनको अनुभूती दिलाउने गरेको,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन बमोजिम जोखिम न्यूनिकरण गर्न विपद् पूर्व तयारी, प्रतिकार्य र पुर्नस्थापनाका कार्यहरु तत्काल प्रारम्भ गर्न स्थानीय विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने गरिएको,
- यस जिल्ला अन्तर्गतका सार्वजनिक तथा सरकारी जग्गा, भवन तथा सवारी साधनको विवरण अद्यावधिक गरिएको छ। सो विवरण गृह मन्त्रालयमा समेत पठाईएको छ,
- प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा समितिले नियमित रुपमा कारागार कार्यालय तथा बाल सुधार गृहको अनुगमन निरीक्षण गर्ने गरेको,
- कार्यालय व्यवस्थापन तर्फ ध्यान दिईएको छ। कार्यालयको अभिलेख व्यवस्थापनमा सुधार ल्याउने प्रयास गरिएको छ। कार्यालय परिषरलाई व्यवस्थित बनाउन र सुरक्षित राख्न तारवार लगायतका पूर्वाधारहरु निर्माण गरी बंगैचा व्यवस्थापन समेत गरिएको छ।

## जिल्लाको समग्र सेवा प्रवाह र सुशासन कायम गर्न गरिएका प्रयासहरु:

- जिल्ला प्रशासन कार्यलयबाट नै नयाँ ना.प्र.प. प्राप्त गरेका नागरिकताहरुलाई मतदाता परिचयपत्रको वितरण गरिएको,
- भ्रष्टाचार नियन्त्रण, प्रभावकारी सार्वजनिक सेवाप्रवाह, शान्ति, सुरक्षा व्यवस्थापन जस्ता संवेदनशील विषयहरुलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन भइरहेको,



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

- ➢ बालबालिका, महिला, जेष्ठ नागरिक विरुद्ध हुने अपराधका घट्ना र रोकथाम सम्बन्धमा सचेतना गर्ने गरिएको,
- ➢ अन्य कार्यालयहरुबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन अनुगमन निरीक्षण गरिएको,
- ➢ जिल्लामा सामाजिक सद्भावको भावना कायम रहेको,
- ➢ समग्रमा जिल्लाको शान्ति सुरक्षाको स्थिति सन्तोषजनक रहेको।

## प्रदेश तथा स्थानीय सरकारसँग शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, सेवा प्रवाह समेतका विषयमा भएको समन्वयः

- स्थानीय निकायहरुवीचमा सुमधुर सम्बन्ध रहेको तथा आवश्यकता अनुरुप सुरक्षा प्रबन्ध मिलाउन समन्वय तथा सहकार्य गर्ने गरिएको,
- समुदाय-प्रहरी साझेदारी जिल्लाका ९ वटै पालिकासँग MOU गरी कार्यान्वयनमा रहेको,
- जिल्ला प्रहरी कार्यालयको भवन बनाउने कार्य हाल निर्माणाधिन अवस्थामा रहेको,
- जिल्लास्थित प्रदेश सरकारका निकायका कार्यालय प्रमुखसँग बैठक बसी सो कार्यालयहरुले गरेको कामको निरीक्षण, अनुगमन, नियमन गरी आवश्यक सल्लाह सुझाव र निर्देशन दिएको,
- ढुङ्गा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोतको दोहनमा स्थानीय निकायहरू आफैं संलग्न रहने गरेको,
- उल्लिखित स्रोतसाधनको कतिपय स्थानीय तहहरुले बोलपत्रको माध्यमद्वारा व्यवस्थापन गर्ने गरेको
- बजार अनुगमन गर्ने जस्ता कामको जिम्मेवारी ऐनले स्थानीय तहलाई तोकेको वर्तमान अवस्थामा स्थानीय तहको नेतृत्वमा बजार अनुगमन हुने गरेको।

## सुशासन कायम गर्न गरिएका प्रयासहरु (दैनिक रुपमा गरिने प्रशासनिक कार्य बाहेकका भ्रष्टाचार नियन्त्रण, तस्करी नियन्त्रण, सेवा प्रवाह, सूचनाको हक सम्बन्धी कार्यहरुः

- ➢ भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिएको,
- ➢ नियमित सेवा प्रवाह तथा सेवा प्रवाहमा सुधार हुँदै गएको,
- ➢ विद्युतीय हाजिरी तथा वेवसाइटको व्यवस्था मिलाईएको,
- ➢ सबै कार्यालयहरुमा सूचना अधिकारी तोकिएको र प्रत्येक महिनाको २ गते नियमित रुफमा सूचना अधिकारीको वैठक बस्ने व्यवस्था मिलाईएको,
- ➢ कार्यालय प्रमुख तथा कार्यालयको सम्पर्क नं., कार्यालयको वेव साईट, कार्यालयको फेसवुक पेज सार्वजनिक गरिएको,
- ➢ कार्यालय प्रमुख बैठकमा बेरुजु सम्परीक्षण खर्चको अवस्था सुशासन लगायतका विषयमा निर्णय गरी कार्यान्वयन गरिएको तथा सामाजिक सञ्जालहरुको प्रयोग गर्न निर्देशन गरिएको,



प्रमुख जिल्ला अधिकारी

- जिल्लास्थित सरकारी तथा संस्थानहरुको यस आ.व.मा १ पटक छड्के अनुगमन तथा निरीक्षण गरिएको,
- जिल्ला प्रशासन कार्यालयको विगत केही आ.व. देखी यता शुन्य वेरुजु रहेको यद्दपी सो पूर्वको वेरुजु फछ्यौट एवं नियमित गर्ने पहल गरिएको,
- भ्रष्टाचारमा शुन्य सहनशीलता नीति अपनाउन प्राप्त नमूना बोर्ड राखिएको तथा मातहत सबैमा सूचना सम्प्रेषण गरिएको,
- म भ्रष्टचार गर्दिन भन्ने नारालाई कार्यान्वयन गरिएको,
- सम्पूर्ण सुरक्षाकर्मीहरूलाई नियमित निर्देशन तथा अनुगमन,
- बिचौलियालाई कार्यालयमा पूर्ण रुपमा निषेध गरिएको,
- डिजिटल नागरिक बडापत्र राखी सोही अनुसारको सेवा नियमित रूपमा प्रवाह,
- कुनै पनि व्यक्तिलाई २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष लगिएको तथा गैर कानूनी थुनामा नराखिएको,
- प्रत्येक ३/३ महिनामा स्वतः प्रकाशन गर्ने व्यवस्था मिलाईएको।

## उपभोक्ता हकहित संरक्षणः

बजार अनुगमनको मुख्य उद्देश्य डोटी जिल्ला भित्र जनताको माग र आपूर्तिलाई सहज गर्ने,उपभोक्तालाई म्याद गुज्रेको सामाग्रीहरु प्रति सजग गराउने,उपभोक्ता ठगीनबाट रोक्ने,बजारका खाना नस्ता पसल तथा चिया होटल सरसफाईको अवस्थालाई सुदृढ गर्ने, नापतौलका सामाग्रीहरुको बैधानिकता प्रमाणित गर्ने र निजि क्षेत्र, स्थानीय सरकार र उपभोक्ता विचको असल सम्बन्ध स्थापित गरी जनतालाई सरकार भएको अनुभुति गराउने मूल उद्देश्यका साथ सम्बन्धित निकायहरुको संलग्नतामा नियमित रुपमा बजार अनगुमन भइरहेको छ । चालु आव को असोज मसान्तसम्ममा ६ वटा बजार अनुगमन भई ३५ भन्दा बढी पसलबाट रु१०,०००/- रुपैया बराबरको म्याद नाघेका अखाद्य वस्तु नष्ट गरिएको छ।

## विभिन्न खाले हिंसा तथा लागुऔषध सम्बन्धि सचेतना कार्यक्रमः

| क्रसं | विद्यालय | मिति |
|---|---|---|
| १ | दिपायल सिलगढी नगरपालिका ३, मठ | २०८२/०७/०३ |
| २ | जोरायल गाउँपालिका ४, डोटी | २०८२/०७/१० |
| ३ | पूर्वीचौकी गा.पा. ४ सानागाउँ | २०८२/०७/१४ |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| | | |
|---|---|---|
| ५ | दि.सि.न.पा. ६, सिलगढी | २०८२/०८/०६ |
| ६ | आदर्श गाउँपालिका | २०८२/०८/०८ |
| ९ | पद्म पब्लिक मुक्तिनारायण मावि दि.सि.न.पा. ६ सिलगढी | २०८२/०८/१३ |
| १० | साजेन्द्रेश्वर मा.वि. फुलोट | २०८२/०८/२१ |
| ११ | जनता जनार्दन मावि सायल ४ | २०८२/०९/१९ |

## विकास निर्माण कार्य अनुगमनः

| क्रसं | आयोजनाको नाम |
|---|---|
| १ | दिपायल मेल्लेख पातिहाल्ने सडक विस्तार योजना |
| २ | पिड खानेपानी आयोजना |
| ३ | लामिखाल पोथ्याल खानेपानी आयोजना |
| ४ | बडीकेदार अस्पताल |
| ५ | अपर गड्डीगाड जलविद्युत परियोजना |
| ६ | खुटिया दिपायल Fast Track |
| ७ | कभर्ड हल अगाडीको बाटो निर्माण |
| ८ | जिल्ला प्रशासन अगाडी नेपाल टेलिकमको टावर निर्माण |
| ९ | सायल गाउँपालिकामा विद्युतिकरण |
| १० | प्रादेशिक सरुवा रोग अस्पताल, डोटी |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

## जिल्ला प्रशासन कार्यालबाट भएका नवीनतम कार्यहरुः

- कार्यालयमा उपस्थित हुन नसकी नागरिकताबाट बञ्चित असक्त, अपाङ्ग व्यक्तिलाई बडिकेदार बोगटान, र सायल गाउँपालिकामा निजहरुकै घरमा गई नागरिकता वितरण गरिएको,
- स्थानीय तहमा गएर राष्ट्रिय परिचयपत्र वितरण,
- टोकन सिस्टमको सुरुवात, अडियो नागरिक बडापत्रको सुरुवात,
- जिल्लाका ९ वटै पालिकाका बिद्यालयमा युवा लक्षित लागु औषध, दुर्व्यसन,महिला हिंसा लगायत बिभिन्न सचेतनामूलक कार्यक्रम जिल्ला प्रशासन कार्यालयको आयोजनामा जिल्ला प्रहरी कार्यालय र स्थानीय तहहरुबाट संचालन गरिएको,
- कार्यालय भित्रै सेवाग्राहीलाई सहज हुने गरि हुलाक टिकटको व्यवस्था गरिएको,
- सूचना अधिकारी र पत्रकार बिच संयुक्त बैठकको आयोजना गरिएको,
- सेवाग्राही हरूको लागि पिउने पानीको व्यवस्था, फ्रि वाईफाईको व्यवस्था,
- प्रतिक्षा हल तथा गोलघरको व्यवस्था, प्रत्येक फाँटहरूमा कोठा नं., फाँटको नाम र सम्बन्धित अधिकारीको नाम र दर्जाको व्यवस्था,
- कार्यालयको छुट्टै वेवसाइट, फेसबुक पेज तथा ट्वीटर ह्याण्डलमार्फत समयसमयमा कार्यालयका गतिविधिहरू सार्वजनिक गर्ने गरिएको,
- अपांगमैत्री तथा पहुँचयोग्य कार्यालय,
- गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारी तोकी फ्लेक्समार्फत सार्वजनिक,
- एनालग तथा डिजिटल नागरिक वडापत्र,
- इ-हाजिरीको व्यवस्था, लैंगिक तथा अपांगमैत्री शौचालय, स्तनपान कक्षको व्यवस्था।

## प्रमुख जिल्ला अधिकारीबाट आफ्नै पहलमा गरिएका प्रवर्द्धनात्मक कार्यहरु र तिनको साधनस्रोतको व्यवस्थापनः

- विकास निर्माण आयोजना/परियोजनाहरुको अनुगमन, सम्पन्न हुन नसकेका आयोजनाहरुको हकमा ठेकेदारसँग समन्वय गरी कार्य संचालनको वातावरण निर्माण गर्ने गरिएको,
- कार्यालयको थप स्रोत साधन खर्च नहुने गरी स्तनपान कक्षको व्यवस्था गरिएको,
- कारागार र वालसुधार गृहमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईएको,
- अशक्त, असहाय, अपाङ्ग वृद्धवृद्धाहरुलाई घरदैलोमै गएर नागरिकता तथा राचष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा दिने गरिएको,
- डोटेली भाषामा अडियो नागरिक वडापत्रको सुरुवात गरिएको,
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, डोटीको सहयोगमा शुद्ध पिउने पानीको व्यवस्था गरिएको,



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

- राहदानी र राष्ट्रिय परिचय पत्रको लागि Pre-enrollment फाराम कार्यालयमै निःशुल्क भर्ने व्यवस्था मिलाईएको,
- कार्यालयबाट प्रदान गरिने विभिन्न प्रशासनिक कामहरुको निवेदन सेवाग्राहीहरुलाई उपलब्ध गराईएको,
- शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, भेटेरीनरी, कृषि लगायातका नागरिकका दैनिकीसँग सम्बन्धित सेवालाई नागरिकले अनुभुत गर्ने गरी सहज ढंगले प्रवाह गर्न बहु-सरोकारवाला पक्षलाई एकै ठाउँ राखि संवाद, छलफल/अन्तर्क्रियाहरु गर्ने गरिएको,
- जिल्लास्थित सरकारी कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई सहज, सेवाग्राहीमैत्री र झन्झटरहित बनाउन समय समयमा आवश्यक निर्देशन दिने गरेको।

## कार्यालयको चुस्त व्यवस्थापन, कार्यालय संरक्षण, कार्यालयको अभिलेख व्यवस्थापनका सन्दर्भमा गरिएको सक्रिय कार्य (Proactive Action):

### कार्यालयको आधुनिकीकरण र प्रविधिको प्रयोगको अवस्थाः

CCTV जडान तर्फ:

- CCTV जडान तथा सञ्चालन सम्बन्धी संशोधित कार्यविधी २०७५ को कार्यान्वयन,
- जिल्ला सदरमुकामका केही स्थानहरु तथा केही निजि घर तथा व्यापारिक केन्द्रहरुमा CCTV जडान भएको साथै सबै सरकारी कार्यालय लगायत अन्य संघ संस्थाहरुमा CCTV जडान भइ नसकेको,
- अन्य स्थानहरुमा पनि CCTV जडानलाई प्राथमिकतामा राख्ने प्रयास भइरहेको।

आधुनिकीकरण र प्रविधिको प्रयोगः-

- नागरिकताका सबै विवरण कम्प्युटराइज गरिएको,
- जिलयकार्या.का.प्र.को निर्माणाधिन भवन आधुनिक प्रविधिको बन्दै गरेको,
- कतिपय कार्यालयहरु आधुनिक तवरले निर्माण भई संचालन भईरहेका छन् भने कतिपय कार्यालयहरु पुरानै प्रविधिका भवनमा संचालन भएका,
- जिल्ला प्रशासन कार्यालयको वेवसाइट daodoti.moha.gov.np फेसबुक पेज facebook.com तथा dao.doti68@gmail.com नामको इमेल खाता र म्यासेजिङ्ग प्रणाली रहेको,
- Digital Citizen Charter कार्यान्वयनमा रहेको,
- जघन्य अपराधमा पोलिग्राफको प्रयोग गर्ने साथै CDR analysis गरी अपराध अनुसन्धान हुने गरेको,
- अपराधको कम्युटरमा अभिलेखीकरण गर्ने गरिएको,
- सिसिटिभी जडान गरी Monitoring गर्ने गरिएको,

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

- सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनः स्वतः प्रकाशन गर्ने गरिएको,
- Digital Citizen Charter व्यवस्था गरिएको, स्तनपान कक्षको निर्माण गरिएको,
- सेवा ग्राहीका लागि दुरसंचार मार्फत मोबाइल चार्जरको व्यवस्था गरिएको,
- अपाङ्ग मैत्री कक्षको व्यवस्था, Help desk स्थापना/विचौलियाहरुको प्रवेश निषेध,
- CCTV बाट कार्यालयमा गतिविधि निगरानी गर्ने गरिएको,
- मासिक खर्चको विवरण सार्वजनिकीकरण,
- कार्यालयमा भएका सबै अभिलेख कम्प्युटराइज गरिएको,
- कार्यालयका हरेक सूचना तथा समाचार वेवसाइट मार्फत प्रकाशन गर्ने गरेको,
- Paper Less governance अवधारणा कार्यान्वयनमा रहेको,
- सेवाग्राहीका लागि प्रतिक्षालयको स्थापना गरिएको,
- अभिलेख व्यवस्थापनको लागि र्‍याक सहितको छुट्टै शाखाको व्यवस्था गरिएको,
- टोकन प्रणाली लागु गरिएको।

**विपद् सम्वन्धीः**

- जिल्लामा विपद व्यवस्थापनका लागि नियमित रुपमा जिल्ला विपद व्यवस्थापन समितिको बैठक बस्ने गरेको।
- DEOC को प्रभावकारिताका लागि नियमित रुपमा तथ्याङ्क संकलन तथा रिपोर्टिङ गर्नुको साथै DEOC र स्थानीय तहहरुमा रहेका LEOC हरु सञ्चालन भईरहेको,
- विपद् व्यवस्थापनमा स्थानीय तहहरुसँग आपसमा समन्वय र सहकार्य भईरहेको,
- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक नियमित रुपमा सञ्चालन भईरहेको,
- स्थानीय तहसँगको समन्वयमा जोखिमयुक्त वस्तीका परिवारलाई समयमै सुरक्षित स्थानमा स्थानान्तरण गरिएको र स्थानीय तह मार्फत विपद प्रभावित घरपरिवारलाई गैरखाद्य राहात वितरण गर्ने व्यवस्था गरिएको,
- डेंगु रोग नियन्त्रण का लागि "खोज र नष्ट गर" अभियान अन्तर्गत औषधी छर्ने कार्य र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको,
- जिल्ला अस्पताल डोटीसँगको सहकार्यमा जिल्ला कारागार तथा बाल सुधार गृहमा रहेका कैदी बन्दीहरुको नियमित स्वास्थ्य परिक्षण,
- नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा र विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने सामुदायिक विकास केन्द्र (CDC) र सो अन्तरगत रहेका गैर सरकारी संघ संस्थाहरुमार्फत विपद् व्यवस्थापन कार्यमा स्थानीय तहहरुसँग समन्वय र सहकार्य हुने गरेको।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

# सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थिति माईन्यूटः

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

आज मिति २०८२ साल मंसिर ०८ गते सोमबारका दिन जिल्ला प्रशासन कार्यालय, डोटीको समन्वय तथा आयोजना र आदर्श गाउँपालिकाको सहयोगमा जिल्लाको शान्ति सुरक्षा, अपराध नियन्त्रण, लैंगिक हिंसा, लागु औषध नियन्त्रण, सेवा प्रवाह र सुशासन, उपभोक्ता हकहित संरक्षण, विकास निर्माणमा सहजीकरण र विपद् व्यस्थापनका साथै जिल्लाको समग्र सार्वजनिक व्यवस्थापनको सन्दर्भमा जिल्लास्थित सबै सरकारी कार्यालयहरुबाट हुने सेवा प्रवाह, सञ्चालित विकास आयोजनाहरुबाट प्राप्त गुनासो र सो को सम्बोधन सम्बन्धमा आदर्श गाउँपालिका, डोटीको सभाहलमा देहाय बमोजिमको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो।

देहायः-

| सि.नं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री कल्पना घिमिरे नेपाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, डोटी | |
| २ | श्री गणेश बहादुर खड्का | अध्यक्ष | आदर्श गाउँपालिका, डोटी | |
| ३ | श्री महेन्द्र नेपाल | प्र.उ. | जिल्ला प्रहरी कार्यालय डोटी | |
| ४ | श्री ललित नारायण चौधरी | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय डोटी | |
| ५ | श्री पदमराज पन्त | प्र.नि. | ईलाका प्रहरी कार्यालय, आदर्श डोटी | |
| ६ | श्री महेन्द्र खड्का | नि.प्र.प्र.अ. | आदर्श गा.पा. डोटी | |
| ७ | डा. आयुष शाही | मे. अ. | आदर्श गा. पा. डोटी | |
| ८ | भरत ब. खड्का | वडाअध्यक्ष | आदर्श गा.पा. १ | |
| ९ | तेज ब. साउद | वडा सदस्य | ,, - ६ | |
| १० | दिपक केसी साउद | वडा अध्यक्ष | ,, ६. | |
| ११ | खगेन्द्र ओली | ४ ,, | आदर्श ४ | |
| १२ | जय ब थापा | उ.प्र.प्र | आदर्श ६ | |
| १३ | कल्न राज जोशी | प्रलेप्रा | आदर्श गा.पा. | |
| १४ | प्रकाश ब. खड्का | का.स. | आदर्श गा.पा. | |
| १५ | ईन्द्र रोकाया | ना.ना.स. छावी | आदर्श गा.पा. | |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

| सि.नं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १६ | रवीन्द्र प्रसाद ओझा | शिक्षक | शारदा मा.वि. गैरा | [signature] |
| १७ | धर्मी उप्रेती | सी.पु. | एस.आई टी एकीकृत लघुउद्यम | [signature] |
| १८ | चक्र ब. हाइड | स्वास्थ्यकर्मी | महादेवस्थान स्वा.चौ. | [signature] |
| १९ | प्रकाश रोकाया | स्वास्थ्यकर्मी | लामीखाल स्वा.चौ. | [signature] |
| २० | गिता कुमारी उपाध्याय | MSS अपरेटर | परिमार्जन शारदा | [signature] |
| २१ | केदार ओझा | विद्यार्थी | आदर्श गाउँपालिका | Kedar |
| २२ | हेम खड्का | विद्यार्थी | आदर्श गाउँपालिका | [signature] |
| २३ | लोकेन्द्र खड्का | विद्यार्थी | ,, | Lok |
| २४ | गणेश कठारो | विद्यार्थी | ,, | Ganesh |
| २५ | सिता ओझा | विद्यार्थी | आदर्श गाउँपालिका 2 | Sita |
| २६ | उर्मिला खड्का | विद्यार्थी | आदर्श गाउँपालिका 1 | Urmila |
| २७ | पबित्रा बोहरा | विद्यार्थी | आदर्श गाउँपालिका 2 | Pabitra |
| २८ | भुवनेश्वरी ओझा | विद्यार्थी | आदर्श गाउँपालिका 2 | Bhuwaneswari |
| २९ | निर्मला ओझा | विद्यार्थी | आदर्श गाउँपालिका 2 | Nirmala |
| ३० | लक्ष्मी कठुवाल | ,, | सायल गाउँपालिका ६ डोटी | [signature] |
| ३१ | सारदा कठुवाल | ,, | सायल गाउँपालिका ६ डोटी | [signature] |
| ३२ | ललिता बोहरा | ,, | आदर्श गा.पा. वडा नं २ डोटी | Lalit |
| ३३ | सिता रोकाया | विद्यार्थी | सायल गाउँपालिका वडा नं | [signature] |
| ३४ | राधिका खड्का | विद्यार्थी | आदर्श गा.पा. वडा.२ | [signature] |
| ३५ | अमर साउद | विद्यार्थी | आदर्श गा.पा. वडा 2 | Amar |
| ३६ | धर्म राज ओझा | विद्यार्थी | आदर्श गा.पा.२ | [signature] |
| ३७ | हेमा बोहरा | रोजगारसेवक | आदर्श गा.पा. | [signature] |

| सि.नं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| ३८ | कमल प्रसाद चौधरी | प्राविधिक | प्रिमियर खाद्य उद्योग डोटी | [signature] |
| ३९ | तेज ब. रोकाया | शाखा प्रमुख | हिमालय बैंक, आदर्श | [signature] |
| ४० | नीतिनन्द पाठक | अध्यक्ष | आशाज्योति स्वा.के. ग्याउले | [signature] |
| ४१ | जय ब. रस्तोगी | अ.हे.व. | खलखोला स्वा.चौ. | [signature] |
| ४२ | नवराज जोशी | सि.अ.हे.व. | ल्याम्डेखाल स्वा.चौ. | [signature] |
| ४३ | सुरेन्द्र चुडाल | प्र.नि. | जि.प्र.का. डोटी | [signature] |
| ४४ | | | | |
| ४५ | | | | |
| ४६ | | | | |
| ४७ | | | | |
| ४८ | | | | |
| ४९ | | | | |
| ५० | | | | |
| ५१ | | | | |
| ५२ | | | | |
| ५३ | | | | |
| ५४ | | | | |
| ५५ | | | | |
| ५६ | | | | |
| ५७ | | | | |
| ५८ | | | | |
| ५९ | | | | |



[signature]

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

Page No.:
Date :

आज मिति २०८०।०८।१८ गतेका दिन सायल गाउँपालिका डोटी का अध्यक्ष श्री धर्मराज जोशी ज्यूको समाध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी श्री कल्पना घिमिरे नेपालज्यूको प्रमुख आतिथ्यता एवम जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षक महेन्द्र नेपालज्यूको विशिष्ट आतिथ्यतामा सायल गा.पा. डोटीमा नागरिक सुनुवाई कार्यक्रम सम्पन्न गरियो। उपस्थितिको निम्नानुसार सम्पन्न गरियो।

| | | | |
|---|---|---|---|
| १. | धर्मराज जोशी | अध्यक्ष | सायल गाउँपालिका डोटी |
| २. | कल्पना घिमिरे नेपाल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय |
| ३. | महेन्द्र नेपाल | प्र.उ. | जिल्ला प्रहरी कार्यालय |
| ४. | शिव प्रसाद गैह्रे | प्र. " | सशस्त्र प्रहरी बल नेपाल ३८ गण दि.प.क्षे |
| ५. | प्रदीप थापा | सेनानी | भैरव प्रसाद गण |
| ६. | लोकेन्द्र नारायण चौधरी | प्र.नि.अ. | प्रमुख अनुसन्धान अधिकृत |
| ७. | कुलराम पन्त | | निर्वाचन अधिकृत |
| ८. | विमला बोहरा जोशी | | उपाध्यक्ष |
| ९. | हेम ब. सामन्त | - | नि. |
| १० - | लाल बहादुर रोकाया | | १ नं वडा अध्यक्ष |
| ११ | प्रताप ब. सिंह | | ४ नं वडा अध्यक्ष |
| १२ | दिपक बी खड्का | | ६ नं वडा अध्यक्ष |
| १३ | ओम बहादुर विष्ट | | ५ नं. जि.स.स. |
| १४. | धनन्जय जं. मल्ल | | ७ न. नि. जि. कानून डोटी |
| १५. | शिव राज जोशी | | मैत्री सहायक (सायल गाउँपालिका) |
| १६ - | गुमादेवी बोगटी | | कार्यालय सहयोगी/सायल ४ डोटी |
| १७ - | गंगा देवी बोगटी | | " " " " |
| १८ - | राजु खड्का | | " " सायल ६ डोटी |
| १९ - | यशोदा भट्ट | | सा.उ. |
| २० | विमला सिंह | | प्रतिनिधि सायल गा.पा. डोटी |
| २१ | उर्मिला राज शाही | | के. कु. " " |
| २२ | दिनेन्द्र सिंह कार्की | | " " |
| २३ | दिलिप सिंह | | प्र.प्रतिनिधि ४ " |
| २४ | शंकर बी. खड्का | | |

Page No.:
Date :

| | | |
|---|---|---|
| १४. | गणेश सिंह. शाही | जिल्ला प्रशासन |
| १५ | श्रेया चौधरी | प्र.उ. डीड डोटी |
| २० | ऋषि सिंह कार्की | प्र.उ. डीड डोटी |
| २१ | प्रकाश थापामगर | " |
| २२ | धर्म सिंह बम | प्र.जा.नि |
| २३ | बीर बहादुर रावत | मा/क्लर्क |
| २४ | रबीन्द्र चौधरी | वडा सचिव-४ |
| २५ | तिलक जोशी | वडा सचिव २ |
| २६. | तेज थापा | प्राविधिक सहायक |
| २७. | संतोष कु. साउद | वडा सचिव - ३ |
| २८. | लाल ब. सिंह | वडा सदस्य - ३ |
| २९. | सोमन कार्की | देवकुमारी |
| ३० | गणेश खड्का | " |
| ३१ | लोकेन्द्र सिंह | मा.ना., सदस्य |
| ३२ | विरेन्द्र ब. कठायत | वडा सदस्य २ |
| ३३. | तेज ब. साउद | वडा सदस्य ६ |
| ३४ | विक्रम जोशी | नेकपा एमाले उ.नं. ६ |
| ३५ | दिल ब. खाती | नेपाली कांग्रेस वडा ३ |
| ३६ | वेद ब. रोकाया | सायल ५ |
| ३७. | रवि ठकुरी | सायल ४ |
| ३८ | जंग ब. सिंह | सायल ४ |
| ३९ | भिम बहादुर रावत | सायल -८ |
| ४० | धनराज जोशी | " |
| ४१ | दिपा सिंह | सायल ४ |
| ४२ | धर्म सिंह घिमिरे | |
| ४३ | प्रेम खड्का | सा.गा.पा. ४ |
| ४४ | जानकी न. खड्का | सा. ४ |
| ४५ | नरेन्द्र ब. | बोगटी |
| ४६. | धर्म सिंह | सायल ४ |
| ४७ | नरेश पाल | " ४ |
| ४८ | भिम बोगटी | " ४ |
| ४९ | मदन ब. खड्का | अधिकृत प्रमुख सायल गा.पा. |

Page No.:
Date :

| | | |
|---|---|---|
| ५० | कमल बोगटी | सायल ०४ |
| ५१ | ज्योति राज खड्का | " ०४ |
| ५२ | लक्ष्मण सिंह | " ०४ |
| ५३ | पदम साउद | " ०४ |
| ५४ | ५४ | |
| ५५ | प्र.ना.उ. शमशेर बोहरा | बिल्डकोल डोटी |
| ५६ | पदम ब. कुवर | सायल ८ डोटी |
| ५७ | डम्मर सिंह ठकुरी | " ०४ |
| ५८ | गणेश प्र. जोशी | " ०४ |
| ५९ | प्रेम साउद | " ०४ |
| ५९ | देव कुँवर | " ८ |
| ६० | भानु ब. साउद | " ८ |
| ६१ | धर्म राज जोशी | " ४ |
| ६२ | कैलाश गिरी | " ०२ |
| ६३ | करन कुँवर | " २ |
| ६४ | पदम बहादुर खड्का | " ५ |
| ६५ | कर्ण ब. साउद | " ५ |
| ६६ | देव ब. सिंह | सायल ०४ |
| ६६ | देव बहादुर कुँवर | सायल ०५ |
| ६८ | राम ब. कुँवर | सायल ०५ |
| ६९ | भिम ब. सिंह | सायल ०४ |
| ६९ | तेज ब. सिंह | सायल ४ डोटी |
| ७० | देवि प्रसाद जोशी | सायल ४ डोटी |
| ७१ | भक्तराज जोशी | सायल-४ डोटी |
| ७२ | लोक बहादुर पाल | सायल ६ डोटी |
| ७३ | केशव राज उपाध्याय | सायल ०४ " |
| ७४ | मोहन रावत | सायल ०४ डोटी |
| ७५ | आरती रावत | " ०४ डोटी |
| ७६ | रमिला रावत | सायल ०३ डोटी |
| ७७ | बहादुर साउद | सायल ०६ डोटी |
| ७८ | लाल ब. बोगटी | सायल ०४ डोटी |
| ७९ | सविन्द्र जोशी | |
| ७९ | दिपा सिंह | सायल ०४ डोटी |
| ८० | तेज राज जोशी | सायल ४ डोटी |

१९

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

## सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिको झलकः













प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय











प्रमुख जिल्ला अधिकारी

निष्कर्ष:

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ तथा सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले गरेको व्यवस्था अनुरुप सबै सरोकारवाला निकाय लगायत सरकारी कार्यलयहरुले आम सर्वसाधारण नागरिकलाई सार्वजनिक सुनवाई मार्फत आफुले गरेका सेवा प्रवाह को सम्बन्धमा सुसूचित गराउनु पर्दछ। त्यसका लागि कार्यलयबाट प्रवाह गरिने सेवालाई थप चुस्तदुरुस्त बनाई सेवा प्रवाहमा सहजीकरण, समन्वय कायम गरी नागरिकमैत्री तथा नागरिक सन्तुष्ट हुने वातावरण बनाउन सके यस्ता कार्यक्रम गरेको सान्दर्भिकता तथा प्रभावकारिता पुष्टि हुने देखिन्छ।

मितिः २०८२/०९/२२

**प्रतिवेदन तयार गर्ने**

नामः मिन बहादुर बोहरा

हस्ताक्षरः

पदः ना.सु.

जिल्ला प्रशासन कार्यलय, डोटी

**प्रमाणित गर्ने**

नामः श्री कल्पना घिमिरे नेपाल

हस्ताक्षरः

पदः प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यलय, डोटी

प्रमुख जिल्ला अधिकारी

............समाप्त...........